# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित**

**खण्डः ८, संख्याः १, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/०३/०९**


**भाग २**

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

## आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८१

*कार्यपालिकाबाट पारित मितिः२०८१/०३/०९*

प्रस्तावना: स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १०, दफा ७० र थुलुङ दुधकोशी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ बमोजिम गाउँपालिकाको स्थानीय संचित कोषबाट रकम विनियोजन गरी विपद् जोखिम न्यूनीकरणको निम्ती आर्थिक सहायता प्रदान गर्न उद्दार राहत तथा पुनस्थापना कोषको स्थापना गरिएको छ। स्थानीय सरकार संचालन ऐन र थुलुङ दुधकोशी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदमा परेका, न्यून आर्थिक स्थिति भई संकटासन्न अवस्थामा रहेका गाउँपालिकाभित्रका नागरिक साथै आर्थिक अवस्था अत्यन्त कमजोर भएका, सहिद परिवार जेहेन्दार विद्यार्थीहरुलाई तत्काल राहत, उद्दार तथा पुनस्थापनाको लागि कोषको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८०/०३/०९ गते बसेको गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट पारित भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनुपर्छ।

ख) "गाउँकार्यपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ग) "अध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

घ) "न्यायिक समिति" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो पदमा रही कार्य गर्न अख्तियार प्राप्त कर्मचारीलाई सम्झनुपर्छ।

च) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न वा गरिबीको रेखामुनी रहेका दीर्घरोगी, क्यान्सर रोगी, मुटु रोगी, एच.आई.भी. संक्रमित, मृगौला पिडित, पक्षघात, क्षयरोग, विभिन्न दुर्घटनाबाट गम्भीर घाइते नागरिक, वाढी, पहिरो, चटयाङ, डढेलो, आगलागीमा परेका प्राकृतिक तथा दैवी प्रकोपमा परेका, सुत्केरी आमा तथा बच्चा विपन्नताको कारण औषधी उपचारबाट वञ्चित भएका, विभिन्न प्राकृतिक तथा मानवीय आक्रमणका कारण मानवीय, पशुधन तथा चल अचल सम्पति गुमाउन पुगेका गाउँपालिकाबासी नागरिकहरु सम्झनुपर्छ।

छ) "दीर्घरोगी" भन्नाले चिकित्सकको सल्लाह बमोजिम नियमित औषधी सेवन गरिरहनुपर्ने बिरामी सम्झनुपर्छ।

ज) "हिंसा पिडित" भन्नाले न्यायिक समिति वा निकायबाट हिंसा पिडित भनी सिफारिस भएको व्यक्ति सम्झनुपर्छ।

झ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनुपर्नेछ।

## परिच्छेद २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **आर्थिक सहायता प्रदान गरिने:** (१) आर्थिक सहायता प्राप्त गर्न योग्य नागरिकलाई यस कार्यविधि वमोजिमको प्रकृया पुरा गरी आर्थिक सहायता प्रदान गर्न सकिनेछ।

(२) यस कार्यविधि वमोजिम आर्थिक सहायता प्रदान गर्दा रु. ५० हजारसम्म अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथि कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ।

(३) दीर्घ रोगी, क्यान्सर पिडित, दुर्घटनाका घाइते लगायतका स्वास्थ्य संस्थामा उपचार गराएको व्यक्तिले आर्थिक सहायता माग गर्दा उपचार गर्दा लागेको वीलको सक्कलै प्रति पेश गर्नुपर्नेछ। तर नेपाल सरकार वा कुनै सरकारी निकायबाट दीर्घरोगीलाई उपलब्ध गराउने रकम नियमित रुपमा प्राप्त गरिराखेको अवस्थामा त्यस्तो नागरिकलाई यस कार्यविधि अन्तर्गत आर्थिक सहायता प्रदान गरिने छैन।

(४) आगलागी, बाढी, पहिरो, दुर्घट्ना, चटयाङ जस्ता प्राकृतिक विपदबाट पिडितले राहत माग गर्दा आवश्यक सर्जमिन मुचुल्का पेश गर्नुपर्नेछ। वील भर्पाई आवश्यक पर्ने छैन।

(४) जटिल किसिमका सुत्केरी समस्या, हिंसा पिडित तथा बालबालिकालाई तत्काल उद्धार गर्न सुत्केरीको हकमा स्वास्थ्य संस्थाको सिफारिस, हिंसा पिडितको हकमा न्यायिक समितिको सिफारिस तथा बालबालिकाको हकमा वडा स्तरीय बाल अधिकार समितिको सिफारिसका आधारमा आर्थिक सहायता प्रदान गरिनेछ।

(४) प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा निजको परिवार वा हकवालालाई एक लाख रुपैयाँसम्म आर्थिक सहयोग प्रदान गर्न सकिनेछ।

(५) प्रकोपबाट कुनै व्यक्ति अंगभंग भएमा पिडितलाई बढीमा ८० हजार रुपैयाँ सम्म अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथि कार्यपालिकाको निर्णय अनुसार प्रदान गर्न सकिनेछ।

(६) अन्य अवस्थामा क्षतिको अवस्था हेरी बढीमा ५० हजार रुपैयाँसम्म अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक सहायता प्रदान गर्न सकिनेछ।

(७) माथि जुनसुकै कुरा लेखिएको भएता पनि पिडितको अवस्था हेरी निवेदन र सम्बन्धित वडाको सिफारिसमा रु. २५ हजार रुपैयाँ सम्म सहायता प्रदान गर्दा प्रमुख प्रशासकीय अधिकृतले वील भर्पाई, न्यायिक समितिको सिफारिस तथा सर्जिमिन मुचुल्का बिना भुक्तानी दिन सक्नेछ।

## परिच्छेद ३
## आर्थिक सहायता माग तथा भुक्तानी गर्ने विधि

४. **<u>आर्थिक सहायता माग गर्ने विधिः</u>** (१) आर्थिक सहायता प्राप्त गर्नको लागि उपचार सहायताको लागि अनुसूची-१, प्राकृतिक तथा मानवसिर्जित विपत्तिको लागि अनुसूची-२ वमोजिमको निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) आर्थिक सहायता प्राप्त गर्न निवेदनका साथमा सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्तिको नागरिकता वा नावालक भए निजको जन्मदर्ता, संरक्षक भए संरक्षकको नागरिकता, विवाह भई अन्य स्थानीय तहबाट आएको महिलाको हकमा विवाह दर्ता, औषधी उपचार भए स्वास्थ्य संस्थाको भर्ना कागज र औषधी उपचारको वील भर्पाई, घट्ना तथा दुर्घटना भए सो सर्जमिन मुचुल्का, बैंक खाता विवरण तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

(३) आर्थिक सहायताको लागि अध्यक्षलाई सम्बोधन गरी निवेदन लेख्ने र तोकादेश प्राप्त गर्नुपर्नेछ।

५. **<u>आर्थिक सहायता भुक्तानी गर्ने विधिः</u>** (१) तोकादेश सहितको निवेदन तथा आवश्यक कागजपत्र प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी प्रक्रिया अगाडी बढाउनुपर्नेछ।

(२) आर्थिक सहायता प्रदान गर्दा सम्बन्धित व्यक्ति वा निजको संरक्षकको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(३) प्रकृया पुरा भई आएको आर्थिक सहायता सकेसम्म निवेदन प्राप्त भएकै दिन वा सो सम्भव नभएमा कार्यालय खुल्ने अर्को दिनको कार्यालय समयभित्र सम्बन्धितलाई भुक्तानी गरिनेछ।

(४) कार्यपालिकाले निर्णय गर्नुपर्ने अवस्थामा निवेदन दर्ता गरी राखिनेछ र तत्काल बस्ने कार्यपालिका वैठकबाट निर्णय गराई भुक्तानी गरिनेछ।

## परिच्छेद-४
## विविध

६. **<u>आर्थिक सहायता प्रदान सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) प्राकृतिक तथा मानवसृजित प्रकोपका लागि सहायता प्रदान गर्दा कार्यपालिकाको कार्यालयले आवश्यक ठानेमा स्थलगत अनुगमण तथा मूल्यांकन गराउन सक्नेछ।

(२) आर्थिक सहायता माग गर्ने व्यक्ति स्वयमको व्यक्तिगत लापर्वाहीका कारण सिर्जित विपदमा सहायता रकम उपलब्ध गराउन कार्यालय वाध्य हुने छैन।

(३) प्राकृतिक तथा मानवसिर्जित घटनामा परी कोही व्यक्तिको मृत्यु भएमा मृतशरीरको ढुवानी वापतको रकम भुक्तानी समेत यसै कोषबाट गर्न सकिनेछ।

(४) आर्थिक सहायता राहत सहयोगको रुपमा रहनेछ। अधिकारको रुपमा रहनेछैन।

७. **<u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:</u>** यस कार्यविधि अनुसार आर्थिक सहायता प्रदान गर्न कार्यपालिकाले आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

८. **<u>आर्थिक सहायता कोष:</u>** (१) यस कार्यविधिअनुसार राहत, उद्दार पुनस्थापना तथा अन्य आकस्मिक कार्यको प्रयोजनका लागि गाउँसभाको निर्णयले वजेट विनियोजन हुनेछ।

(२) कोषमा अन्य सरकारी, गैरसरकारी निकाय, व्यक्ति वा संस्थाबाट सोही प्रयोजनको लागि प्राप्त हुने रकम पनि रहन सक्नेछ।

९. **<u>खारेजी र वचाउ:</u>** (१) यस कार्यविधिमा कुनै व्यवस्था थपघट वा संशोधन गर्नुपरेमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ।

(२) यस कार्यविधिमा भएको व्यवस्था नेपालको संविधान, संघीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ।

(३) आर्थिक सहायता वितरण सम्बन्धी यसभन्दा पूर्व भएका काम कारवाहीहरु यसै कार्यविधिवमोजिम भएको मानिनेछ।

## अनुसूची – १
## दफा ४ को उपदफा १ सँग सम्बन्धित

मिति: .... .... ..... .......

श्रीमान् अध्यक्ष ज्यू,
थुलुङ दुधकोशी गाउँपालिका
मुक्ली, सोलुखुम्बु।

विषय: आर्थिक सहायता उपलब्ध गराइदिनुहुन।

प्रस्तुत विषयमा म .... ........ . ............. ............ रोगले ग्रसित भई .......... .... ....... उपचार गर्नुपर्ने/गराइराखेको/गरिसकेको व्यहोरा अवगत गराउँदै मेरो आर्थिक अवस्था अत्यन्त नाजुक भएको हुँदा थुलुङ दुधकोशी गाउँपालिकाको नियमानुसार आर्थिक सहायता उपलब्ध गराइदिनु विनम्रताका साथ अनरोध गर्दछु। निवेदनसाथ तपशिल वमोजिम कागजात संलग्न गरेको छु।

तपशिल

१. विपन्नताको सिफारिस वा गरिव परिवार पहिचान प्रमाणपत्र
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/........... ....... को प्रतिलिपी
३. चिकित्सक वा स्वास्थ्य संस्थाको कागज
४. ... ..... वडा कार्यालयको सिफारिसपत्र
५. औषधी उपचारको वील/भर्पाई
६. .. ..... ... .. .. .. ........

**निवेदक:**
नाम थर: ..... ... .. .. ... ........
हस्ताक्षर: ..... ... .. .. .. ........
ठेगाना: ..... ... .. .. .. ........
सम्पर्क नम्बर: ..... ... .. .. .. ...........
बैंक खाता रहेको बैंक: ..... ..... .. ..........
बैंक खाता नम्बर: ..... ... .. .................
खातावालाको नाम: ..... ... .. .................

## <u>अनुसूची – २</u>

## <u>दफा ४ को उपदफा १ सँग सम्बन्धित</u>

मितिः .... .... ................

श्रीमान् अध्यक्ष ज्यू,
थुलुङ दुधकोशी गाउँपालिका
मुक्ली, सोलुखुम्बु।

विषय: आर्थिक सहायता उपलब्ध गराइदिनुहुन।

प्रस्तुत विषयमा म/मेरो परिवार मिति .... ........ . ............. मा भएको विपदजन्य .............. .............. घटनाबाट पिडित भई करिव ............................ रुपैयाँको चल अचल सम्पतिको क्षति भएको तथा म आँफै/मेरो परिवारको ...... ......... ...... ........ समेत घाइते/मृत्यु भएको हुँदा थुलुङ दुधकोशी गाउँपालिकाको नियमानुसार आर्थिक सहायता उपलब्ध गराइदिनु विनम्रताका साथ अनुरोध गर्दछु। निवेदनसाथ तपशिल वमोजिम कागजात संलग्न गरेको छु।

<u>तपशिल</u>

१. विपन्नताको सिफारिस वा गरिव परिवार पहिचान प्रमाणपत्र
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.......... ....... को प्रतिलिपी
३. प्रहरी मुचुल्का
४. ... ..... वडा कार्यालयको सिफारिसपत्र
५. स्वास्थ्य संस्थाको कागज
६. अन्यः .. ..... ... .. .. .. ........

**<u>निवेदकः</u>**

नाम थरः ..... ... .. .. ... ........
हस्ताक्षरः ..... ... .. .. .. ........
ठेगानाः ..... ... .. .. .. ........
सम्पर्क नम्बरः ..... ... .. .. .. ...........
बैंक खाता रहेको बैंकः ..... ..... .. ..........
बैंक खाता नम्बरः ..... ... .. .................
खातावालाको नामः ..... ... .. .................

आज्ञाले,
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत